**Solukhumbu Multiple Campus Research Journal**
[Yearly Peer Reviewed Journal]
ISSN: 2362-1400
Year 6, Volume 6, Issue 1, Dec. 2024
Solukhumbu Multiple Campus Research Development and Management Committee

# कक्षा आठको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त सुनाइ अभ्यास

**उमेश काफ्ले**

*Article History : Submitted 16 Sept. 2024; Reviewed 13 Oct. 2024; Accepted 15 Dec. 2024*
*Author : Umesh Kafle Email: umeshkafle4@gmail.com*
*DOI: https://doi.org/10.3126/smcrj.v6i1.74531*

**लेखसार**

*प्रस्तुत लेख कक्षा आठको नेपाली (२०८०) पाठ्यपुस्तकमा प्रयोग भएका सुनाइ पाठ र त्यससँग सम्बद्ध अभ्यासमा केन्द्रित छ। भाषिक सिप विकासका लागि पाठ्यपुस्तकमा विभिन्न विधाका पाठ र नमुना अभ्यास राखिएको हुन्छ। त्यही अभ्यासअन्तर्गतको सुनाइ र बोलाइ सिपका लागि तय गरिएका पाठ वा विषय सन्दर्भ र त्यससम्बद्ध अभ्यासको अध्ययन गर्ने उद्देश्यले लेख तयार गरिएको छ। गुणात्मक ढाँचाको अवलम्बन गरी पाठ वा विषयवस्तु विश्लेषण विधिलाई आधार मानी अध्ययन पूरा सम्पन्न भएको छ। सुनाइ पाठ र त्यससम्बद्ध अभ्यासको विश्लेषणको सैद्धान्तिक आधारका लागि पृथकीकृत र एकीकृत पद्धतिलाई अवलम्बन गरिएको छ। सुनाइ पाठको विश्लेषण गर्दा विषयवस्तुको अपेक्षा, विषयवस्तुको प्रकृति, पाठको लम्बाइ र संरचना, वाचन समय, विधागत संयोजन, प्रश्न प्रकृति र पाठ्यक्रमको अपेक्षालाई आधार मानिएको छ। मुख्य सारमा केन्द्रित पाठको चयन गरी एकालाप प्रकृतिका वर्णनात्मक विषय वा पाठका आधारमा सुनाइ सामग्री चयन गरिएको छ। दोहोरो सञ्चार आधारित सामग्रीको भने न्यून प्रयोग पाइयो। पाठमा प्रयुक्त शब्द र वाक्य संरचनामा पनि विविधता देखिएको छ। औसत २ मिनेट नजिकका पाठको छनोटमा प्राथमिकता दिएको देखियो। विधागत आधारले भने प्रबन्ध विधाका सुनाइ पाठ बढी छन् भने सकेसम्म मूल पाठका आधारमा सुनाइ पाठ छनोट गरिएको पाइयो। सुनाइ र बोलाइको सम्बन्धका आधारमा परीक्षण गर्न खोजिएकाले एकीकृत पद्धतिको प्रयोग गरिएको देखिन्छ भने वस्तुगत प्रकृतिबाट परीक्षण गर्ने केही आधारले भने पृथकीकृत पद्धतिको पनि उपयोग गरिएको देखिन्छ। सैद्धान्तिक आधारले हेर्दा यी दुवै पद्धतिको मान्यतालाई आत्मसात् गरिएको छ। यस अध्ययनको प्राप्तिले भाषा शिक्षण सिकाइसँग सम्बद्ध पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक लेखक, शिक्षक तथा यस क्षेत्रमा अध्ययन अनुसन्धान गर्न चाहने सम्पूर्ण व्यक्तिलाई सहयोग पुग्ने छ।*

**मुख्य शब्दावली :** *एकीकृत, गुणात्मक, वाचन, विधागत संयोजन, सुनाइ पाठ*

## परिचय

प्रस्तुत लेख कक्षा आठको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त सुनाइ अभ्यासको अध्ययनमा आधारित छ। भाषाका सिपहरूको सफल व्यवहार प्रदर्शनका लागि भाषा शिक्षण गरिन्छ। भाषाको पहिलो सिप सुनाइको विकासका लागि नीतिगत र व्यावहारिक पक्षमै विशेष विचार गर्नुपर्छ। "बालकमा सुनाइको राम्रो अनुभव भएमा त्यसले बोलाइ, पढाइ र लेखाइलाई पनि मदत गर्दछ" (अधिकारी र शर्मा, २०५६, पृ. ४२)। भाषाको प्रारम्भिक सिप विकासले अन्य सिपको विकासमा सहयोग गर्ने हुँदा सुनाइ सिपको शिक्षण र परीक्षणमा पनि विचार पुऱ्याउनुपर्छ। भाषा शिक्षणको मुख्य मार्गदर्शन पाठ्यक्रमले गर्दछ भने त्यही पाठ्यक्रमका आधारमा भाषा पाठ्यपुस्तकहरू निर्माण भएका हुन्छन्। ती पाठ्यपुस्तकको मुख्य अपेक्षा भनेको विद्यार्थीलाई भाषिक सिपमा सक्षमता विकास गर्नु हो। पाठ्यपुस्तक निर्माणको सैद्धान्तिक आधार पाठ्यक्रम भए पनि त्यसको कार्यान्वयन तहसम्म पुग्नका लागि पाठ्यपुस्तकले सहयोग गर्दछ। विद्यार्थीले दिनहुँ अभ्यास गर्ने पाठ्यपुस्तकले उनीहरूको सिकाइ अपेक्षा र व्यवहारलाई कसरी समेट्यो भन्ने कुराले पनि विशेष अर्थ राख्दछ। ब्राउन (सन् २००४) ले पनि भाषाका कक्षाकोठामा भाषिक सिपलाई दैनिक रूपमा प्रयोग गरिने कारण त्यसको उचित व्यवस्थापनमा ध्यान दिनुपर्ने बताउनुले यसको गरिमा प्रस्ट हुन्छ। विद्यालय तहमा परिवर्तित पाठ्यक्रमअनुसार पाठ्यपुस्तक निर्माण र प्रयोग भएका छन्। पाठ्यपुस्तकमा विधागत विविधतालाई आधार मानी पाठहरूको संयोजन गरिन्छ र त्यसकै आधारमा नमुना अभ्यासको निर्माण गरिन्छ। हाल विद्यालय तहका पाठ्यपुस्तकमा सुनाइ र बोलाइका अभ्यासहरू स्पष्ट रूपमा राखिएका छन्। पाठमा सुनाइ सामग्री राखी त्यसका आधारमा अभ्यासहरू निर्धारण गरिएका छन्। भाषिक सिप विकासका दृष्टिबाट सुनाइ सामग्री के कस्ता भए भनेर जिज्ञासु व्यक्तिमा कौतूहल बढ्ने गर्दछ। विद्यार्थीले ती सामग्रीबाट के कस्तो सुनाइ दक्षता प्राप्ति गर्न सके भन्ने कुरा महत्त्वपूर्ण रहन्छ।

विद्यालय तहमा वि. सं. २०२८ पछि भाषा पाठ्यक्रम निर्माणमा स्पष्ट आधार तय भई त्यही आधार टेकेर पाठ्यपुस्तक लेखनको अभ्यास हुँदै आएको छ। तत्कालीन पाठ्यक्रममा भाषाका चारओटा सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपलाई अलग अलग रूपमा उद्देश्य तय गरी शिक्षणमा व्यवस्थित प्रयासको थालनी भएको थियो। पाठ्यक्रमले सिपगत विकासलाई प्राथमिकता दिएपछि त्यसपछिका पाठ्यपुस्तकले पनि यसलाई आत्मसात् गरेका छन्। भाषा पाठ्यक्रमले भाषाका चारओटै सिपलाई स्पष्ट किटान गरे पनि पाठ्यपुस्तकले यस पक्षलाई खासै समेट्न सकेको देखिँदैन। २०७१ को पाठ्क्रममा आधारित भई तयार गरिएको तत्कालीन कक्षा ९ र १० को पाठ्यपुस्तकमा सुनाइ, बोलाइ, पढाइ र लेखाइका सिपगत अभ्यास अलग अलग गरी समायोजन गरिएको थियो। वर्तमान सन्दर्भमा आधारभूत तह र माध्यमिक तहमा त्यो प्रकृतिका सिपगत अभ्यास राखिएको छैन। पाठ्यपुस्तकमा सुनाइ र बोलाइ भनेर अलग अभ्यासको समायोजन गरिएको छ। यस बाहेक अन्य अभ्यास चाहिँ पाठका आधारमा शब्दभण्डार, बोध र अभिव्यक्ति, भाषिक संरचना र वर्णविन्यास, सिर्जना र परियोजना गरी विभाजन गरिएको छ। पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गरेको कक्षा आठ (२०८०) को नेपाली किताबमा सुनाइ र बोलाइको अभ्यास राखिएको छ। पहिलो वर्ष पाठको बिचमा सुनाइ र बोलाइका अभ्यास राखिएको थियो भने पाठको अन्त्यमा सुनाइका सामग्री राखिएको थियो। त्यसपछिका वर्षमा भने सुनाइ सामग्रीलाई पाविकेले रेकर्ड गरी अनलाइन अपलोड गरेपछि पाठमा सुनाइ परीक्षणसम्बन्धी अभ्यास मात्र राखिएको छ।

विद्यार्थीको श्रुतिबोधको विकासका लागि तयार गरिने सामग्री पनि उपयुक्त र प्रभावकारी हुनुपर्छ । विद्यालय तहमा सुनाइ सिप विकासका लागि अलग्गै सामग्री निर्माण गरिएको छ। त्यस सामग्रीका आधारमा विद्यार्थीले मौखिक रूपमा आफ्नो प्रतिक्रिया दिन सक्ने व्यवस्था छ। सुनाइका लागि चयन गरिएका सामग्री वा पाठहरू के कति प्रभावकारी छन् भनेर अध्ययन गर्न आवश्यक छ। पाठ्यक्रमको अपेक्षा अनुकूल निर्माण गरिएका पाठहरूले सुनाइको विकासका लागि गरिने शिक्षण कार्यकलापका लागि सहयोगी हुनुपर्छ नत्र सुनाइ पाठको भूमिका सकारात्मक नहुन सक्छ।

विद्यालय तहका पाठ्यपुस्तकलाई भाषिक सिप विकासको महत्त्वपूर्ण आधार मानिने कारण यस अध्ययनमा कक्षा आठको नेपाली विषयको पाठ्यपुस्तकलाई आधार मानी सिप विकासको उद्देश्य, सामग्री चयन, विषयवस्तुको वर्णन, रेकर्ड र प्रसारण आदि दृष्टिबाट अध्ययन गर्न आवश्यक देखिएको छ।

## साहित्यको पुनरवलोकन र सैद्धान्तिक ढाँचा

भाषा पाठ्यपुस्तकमा प्रयुक्त अभ्यासका सन्दर्भबाट विभिन्न प्रकृतिका अध्ययन भएका छन् । भाषा पाठ्यपुस्तकमा भएका अभ्यासलाई शब्दभण्डार, बोध र अभिव्यक्ति, व्याकरण वा भाषिक संरचना र वर्णविन्यास, सुनाइ र बोलाइ, सिर्जना र परियोजना गरी विभाजन गरिएको छ । विशेषतः विद्यालय तहमा प्रयोगमा रहेका कक्षा ६ देखि १२ सम्मका अभ्यासलाई यही आधारमा समायोजन गरिएको छ । भाषा पाठ्यपुस्तकमा समाविष्ट सुनाइ अभ्यासका सन्दर्भमा त्यसका प्रयोक्ता शिक्षकबाट पनि फरक फरक मत प्राप्त भएको छ। भट्ट र पोखरेल (सन् २०२४) ले गरेको अध्ययनबाट माध्यमिक तहको कक्षा ९ र १० मा राखिएका सुनाइ पाठप्रति अध्यापन गराउने शिक्षकका अभिमतमा सुनाइ पाठ तथा अभ्यासात्मक कार्यकलापहरू विद्यार्थीमा सुनाइ सिप विकासका लागि प्रभावकारी र उपयोगी भएको निष्कर्ष निकालेका छन्। शिक्षकसँग अन्तर्वार्ता लिई मुख्य आशय निर्माण गरी विश्लेषण गरिएको यस अध्ययनमा सुनाइ पाठप्रतिको धारणा पहिचानका लागि विषयवस्तु, विधागत क्षेत्र र विषय प्रकृति, छनोट र स्तरण, नमुना अभ्यास, शिक्षण र मूल्याङ्कनलाई आधार मानिएको छ। यसरी हेर्दा कक्षा आठका लागि समावेश गरिने सुनाइ पाठमा पनि यी पक्षलाई आधार मानी अध्ययन गर्न सकिन्छ। त्यस्तै गरी काफ्ले (सन् २०२३) को अध्ययनले माध्यमिक तहमा शिक्षण गर्ने शिक्षकहरू सुनाइ सिप परीक्षणमा सचेत भए पनि प्रयोगात्मक तहमा एकरूपता हुन नसकेको तथ्य उजागर गरेका छन्। यस अध्ययनमा सुनाइ सिप परीक्षणका लागि साधन र पद्धतिमा शिक्षकलाई मार्गदर्शन हुन नसकेको निष्कर्ष निकालिएको छ । सुनाइ सिप परीक्षणका लागि मौखिक अभिव्यक्ति तथा श्रुतिलेखन र श्रुतिबोधलाई आधार मान्नुपर्ने तथ्य प्रस्तुत गरिएको छ। सुनाइ सिपका लागि सामग्री चयन र त्यसको प्रयोगका सन्दर्भमा सचेत रहनुपर्ने कुरा उल्लिखित अध्ययनले देखाएका छन्। प्रस्तुत लेखमा पनि सुनाइ पाठमा प्रयुक्त विषय सन्दर्भलाई आधार मानिएको छ।

भाषा पाठ्यपुस्तकमा भएका व्याकरण अभ्यासले विद्यार्थीको भाषिक सक्षमता प्राप्तिमा सहयोग गर्दछ। विशेषतः व्याकरणलाई लेखाइ र मानक प्रयोगका आधारमा विवेचना गरिए पनि यसले भाषाका चारओटै सिपमा सफल बनाउन सहयोग गर्दछ। यस आधारले हेर्दा पाठ्यपुस्तकमा प्रयोग भएका व्याकरणका अभ्यासले भाषाका कुन सिपमा प्राथमिकता दियो भनेर चाहिँ अध्ययन भएको छैन। तिमिल्सिना (सन् २०२०) ले कक्षा ८ को नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त कार्यमूलक व्याकरणका विषयवस्तुहरूलाई पाठ्यक्रमअनुरूपता,

छनोट र स्तरण, पाठसँगको सम्बद्धता र कार्यमूलकता तथा उदाहरण र प्रयोग अभ्यासका आधारमा विश्लेषण गरे पनि सुनाइ पाठमा केन्द्रित भएर अध्ययन गरेका छैनन् । खनिया (सन् २०२२) ले कक्षा दसको नेपाली भाषा पाठ्यपुस्तकको व्याकरण अभ्यासको अध्ययन गरेर व्याकरणका अधिकांश पाठ्यांशलाई मूल पाठसँग नजोडिनु शैक्षणिक दृष्टिले पाठ्यपुस्तकको कमजोरी रहेको तथ्य प्रस्तुत गर्दै व्याकरणलाई पाठकेन्द्रित अध्ययनतर्फ झुकाव राखिएको छ।

भाषा पाठ्यपुस्तकमा राखिएका सिपगत अभ्यासको एकअर्का सिपसँग सम्बन्ध रहेको हुन्छ । कक्षा आठको पाठ्यपुस्तकमा पनि सुनाइ र बोलाइका अभ्यासलाई एकसाथ प्रयोग गरिनुबाट यस कुराको पुष्टि हुन्छ। काफ्ले (सन् २०२१) ले २०७४ सालमा प्रकाशित कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकमा सुनाइ अभ्यास १८.३६ प्रतिशत रहेको र सिपगत प्राथमिकताका दृष्टिले सुनाइ सबैभन्दा पछाडि रहेको निष्कर्ष निकालेका छन्। उनले त्यस अध्ययनमा बोलाइ अभ्यासलाई उच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग, विचार वा तर्कसम्बन्धी, मौलिक वा सिर्जनात्मक वर्णनसम्बन्धी, वाचनसम्बन्धी, कुराकानी, संवाद र अभिनयसम्बन्धी, छलफलसम्बन्धी, बोधात्मक प्रश्नोत्तरसम्बन्धी गरी विभाजन गरेका छन् । यस अध्ययनले पनि सुनाइ सिपको अभ्यासका लागि केही आधार तय गरेको छ । त्यस्तैगरी घिमिरे (सन् २०२३) को अध्ययनमा सिपगत समग्रताका आधारमा कक्षा नौको पाठ्यपुस्तकका सुनाइ र बोलाइ अभ्यास पाठ अनुकूल भएको निष्कर्ष निकालिएको छ । यस अध्ययनमा पनि सुनाइ र बोलाइका अभ्यासमा कम प्राथमिकता दिइएको तथ्य प्रस्तुत गर्दै त्यसका लागि सिपगत आधारमा प्रश्नहरूलाई अलग अलग राखी सिकाइको तहगत सन्तुलनमा ध्यान दिनुपर्ने सुझाव दिइएको छ । आचार्य (२०८१) को अध्ययनमा समावेशिताको दृष्टिले कक्षा नौको नेपाली पाठ्यपुस्तकको अध्ययन गर्दै भाषा पाठ्यपुस्तक सिपकेन्द्रित भएको तथ्य प्रस्तुत गरिएको । यस अध्ययनमा पाठ्यपुस्तकका पाठ वा विषयवस्तु भाषिक, धार्मिक, सांस्कृतिक दृष्टिले विविधता हुन नसकेको निष्कर्ष निकालिएको छ। यस अध्ययनले सुनाइ पाठका विषयवस्तुलाई समावेशिताका दृष्टिले पनि हेर्न सकिने आधार दिएको छ।

पाठ्यपुस्तकमा प्रयुक्त प्रश्न र त्यसको अपेक्षाले पनि भाषिक सिपको विकास र परीक्षणमा प्रभाव पार्दछ । परीक्षकले कस्तो प्रकृतिको प्रश्न सोध्ने र त्यसका आधारमा के कस्ता पक्षको लेखाजोखा गर्ने भन्ने विषयमा छलफल हुने गरेको छ। फल्चर र डेभिड्सन (सन् २०११) ले भाषिक परीक्षणका लागि उपयोग गरिने प्रश्न घटना वा सन्दर्भबाट निर्देशित हुनुपर्ने विचार राखेका छन् । यदि प्रश्न त्यो प्रकृतिको हुने हो भने सुनाइ पाठ घटना वा सन्दर्भ जनाउने खालको हुनुपर्छ। सुनाइको पृथकीकृत पद्धतिबाट परीक्षण गर्दा विषयगत प्रकृतिका प्रश्न नसोधी वस्तुगत प्रकृतिका प्रश्न सोध्नुपर्छ। उल्लिखित पुनरवलोकनका आधारमा कक्षा आठको सुनाइ पाठको विश्लेषणका लागि सैद्धान्तिक र व्यावहारिक पक्षमा मार्गदर्शन प्राप्त भएको छ।

## विधि र प्रक्रिया

प्रस्तुत लेख गुणात्मक ढाँचामा आधारित भई तयार गरिएको छ । गुणात्मक ढाँचाअन्तर्गत पाठ वा विषयवस्तु विश्लेषणको पद्धतिलाई अवलम्बन गरिएको छ । से र स्यानन (सन् २००५) ले गुणात्मक पद्धतिअन्तर्गत विषयवस्तु विश्लेषणका लागि परम्परित, निर्देशित र योगात्मक ढाँचालाई अगाडि सारेका थिए। पाठभित्रकै सन्दर्भ वा आशयलाई आधार मानी अध्ययन गरिएकाले यस ढाँचा उपयुक्त छ। यसरी विश्लेषण

गर्दा आगमनात्मक र निगमनात्मक तरिकालाई अपनाउन सकिन्छ। यस अध्ययनमा आगमनात्मक तरिकालाई बढी आधार मानिएको छ। यसका लागि सर्वप्रथम २०८० सालमा पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशन गरिएको कक्षा आठको नेपाली पाठ्यपुस्तकलाई अध्ययनको क्षेत्र मानिएको छ। यसमा कक्षा आठको नेपाली विषयको सुनाइ पाठ र त्यससम्बद्ध बोलाइ सिपको अभ्यासको अध्ययनलाई प्राथमिकता दिइएको छ। पाठ्यपुस्तकमा सुनाइ अभ्यासलाई समावेश गरिएको र यसको अध्ययन पनि महत्त्वपूर्ण भएकाले पाठभित्रका अन्य अभ्यासलाई नलिई सुनाइ पाठ र त्यसभित्रको सुनाइ र बोलाइ अभ्यासलाई यस अध्ययनका लागि छनोट गरियो। यस अध्ययनमा सुनाइ पाठ र त्यसभित्रका अभ्यास विश्लेषणका लागि साधारण आशय निर्माण गरियो र त्यसकै आधारमा पाठका आवश्यक पक्षलाई मुख्य आशय निर्माण गरियो। यस आशयका आधारमा सबै क्षेत्रको अध्ययन हुन सक्ने गरी त्यसको स्थिरतालाई ध्यान दिइयो। त्यही आधारमा तथ्य प्रस्तुत गरी प्राप्ति वा परिणाम देखाइयो र पुनवलोकनका पक्षलाई आधार मानी प्रशस्त छलफल गरी अध्ययनलाई निष्कर्षमुखी बनाइयो।

## नतिजा

यस अध्ययनमा मुख्यतः सुनाइ सिपका अभ्यासको विश्लेषणका लागि विषयवस्तुको अपेक्षा, विषयवस्तुको प्रकृति, भाषिक संरचना, वाचन, विधागत संयोजन, प्रश्नप्रकृति र पाठ्क्रमको अपेक्षाको आधारमा विश्लेषण गरिएको छ :

### विषयवस्तुको अपेक्षाका आधारमा

सुनाइ सामग्रीमा प्रयोग गरिएका विषयवस्तुको अपेक्षाका आधारमा सार प्राप्ति, तर्कको अनुसरण र वक्ताको मनोवृत्ति गरी विश्लेषण गरिएको छ। ह्युजेज (सन् २०१०) ले पनि यही पक्षका आधारमा सुनाइको विश्लेषण गर्न सक्ने बताएका थिए। खनिया (सन् २०१३) ले पनि यिनै पक्षमा जोड दिएका छन्। सुनाइ सिपको परीक्षण गर्दा विद्यार्थीबाट सार वा मुख्य भावको प्राप्तिको अपेक्षा गरिएका सुनाइ सामग्रीमा 'क्षेत्रप्रताप अधिकारी', 'एटिएम कार्ड', 'केरा खेती', 'रुख', 'राष्ट्र बैंक', 'राष्ट्रिय विभूति अरनिको', 'वसन्त', 'कृषिको महत्त्व', 'सिरुवा पर्व' र 'सञ्चार माध्यमको प्रयोग' रहेका छन्। सार प्राप्ति र मनोवृत्तिको पहिचानको अपेक्षा गरिएकामा 'प्रश्नोत्तर', 'नयनको पछुतो' रहेका छन्। 'कर्तव्यप्रतिको कर्णको निष्ठा' सुनाइ पाठमा सार प्राप्ति र तर्कको अपेक्षा राखिएको छ। 'जीवनजत्तिकै नजिक', 'समीक्षाको सफलता', 'डाक्टर' र 'पञ्चतन्त्र कथाको परिचयमा वक्ताको मनोवृत्तिको पहिचान गर्ने अपेक्षा राखिएको छ। यस आधारमा सुनाइका छनोट गरिएका पाठको बढी झुकाव मुख्य आशय वा सारप्राप्तिको पहिचानमै केन्द्रित देखिन्छ। साहित्यिक विधाबाट वक्ताको मनोवृत्ति पहिचान गर्ने पाठ चयन गरिए पनि तर्कको अनुसरण गर्ने पाठ राखिएको देखिएन। अधिकारी ( २०६७) ले सामान्य, विश्लेषणात्मक र मनोरञ्जनात्मक सिपको विकास हुने गरी विद्यार्थीलाई अभ्यास गराउनुपर्ने बताएका थिए। यस आधारमा सुनाइ सिपका लागि निर्माण गरिएका पाठ वा सन्दर्भलाई कुन अपेक्षाले प्रस्तुत गरिन्छ भन्ने कुराले मुख्य अर्थ राख्दछ। पौडेल (२०७९) ले पनि अर्थगत गहन श्रुतिबोध अभ्यासका लागि बोध प्रश्नोत्तर, सारांश कथन र लेखन, तर्कपूर्ण समस्या समाधानजस्ता पक्षमा जोड दिएका छन्। विद्यार्थीलाई सुनाइबाट विविध पक्षको विकासलाई सहयोगी पाठको चयन हुन नसकेको पाइयो। यस आधारमा हेर्दा सुनाइ पाठको छनोट गर्दा तर्क र वक्ताको मनोवृत्तिको लेखाजोखा गर्न सकिने खालका पाठको छनोट गरिनुपर्छ।

**विषयवस्तुको प्रकृतिका आधारमा**

सुनाइ अभ्यासमा प्रयोग गरिएका पाठलाई एकालाप वा विषयवस्तुको एकोहोरो वर्णन, कुराकानी वा बहुसहभागिता, उद्घोषण, कुराकानी वा व्याख्यान, निर्देशन, शिक्षण गरी विभाजन गरिएको छ। ह्युजेज (सन् २०१०) ले अगाडि सारेका पाठका प्रकारमा पनि यही कुरा उल्लेख गरिएको छ। यस आधारमा कक्षा आठको सुनाइ अभ्यासका पाठलाई हेर्दा 'एटिएम कार्ड' पाठ निर्देशनसँग सम्बन्धित छ भने बाँकी सबै सुनाइ अभ्यासका पाठहरू एकालाप वा विषयवस्तुको एकोहोरो वर्णनमा आधारित छन्। सुनाइ सिपको सम्बन्ध बोलाइसँग हुन्छ। विद्यार्थीलाई सुनाइ सिपको विकास लागि निर्माण गरिएका सामग्री पनि बोलाइका गुणबाट निर्देशित हुन आवश्यक छ। सुनाइ पाठका लागि दोहोरो सञ्चार वा सम्प्रेषणसँग सम्बन्धित सामग्री बढी उपयोगी हुन्छ। विद्यार्थीका वैयक्तिक जीवन निर्वाहका सन्दर्भमा आवश्यक सामग्रीका आधारमा सुनाइ अभ्यास गराउँदा उपयुक्त हुन्छ। सुनाइ सिपको परीक्षणका लागि बोलाइ सिपको आधार मानिएको तर पाठजति सबै पढाइका लागि उपयुक्त देखिनुले भाषिक सिप अनुकूलका सामग्री चयन हुन नसकेको देखियो। "प्रारम्भिक कक्षाका शिक्षण सिकाइ कार्यकलापहरू सुनाइ र बोलाइका माध्यमद्वारा नै सम्पन्न हुन्छन् र उक्त कक्षाहरूको बोध र अभिव्यक्तिसम्बन्धी आवश्यकता पूर्ति गर्ने उपायका रूपमा सुनाइ र बोलाइ अपरिहार्य पक्ष हुन्छन्" (अधिकारी, २०६७, पृ. ३३)। यस कारण सुनाइका विषयवस्तु बोलाइ सिपका आधारमा निर्देशित हुन पनि आवश्यक छ।

**पाठको लम्बाइ र संरचनाका आधारमा**

सुनाइका लागि प्रयोग गरिएका पाठलाई शब्द सङ्ख्या र वाक्य सङ्ख्याका आधारमा विश्लेषण गरिएको छ। सुनाइका लागि प्रयोग गरिएका पाठको लम्बाइको समानता असमानता पहिचान गरिएको छ।

**तालिका १**

*पाठको लम्बाइ र संरचनाका आधारमा सुनाइ पाठ*

| सुनाइ पाठ | शब्द सङ्ख्या | वाक्य सङ्ख्या |
|---|---|---|
| प्रश्नोत्तर | ८५ | |
| नयनको पछुतो | २७३ | ३७ |
| क्षेत्र प्रताप अधिकारी | १६९ | १५ |
| एटिएम कार्ड | १७७ | १८ |
| केरा खेती | २६३ | २२ |
| कर्तव्यप्रति कर्णको निष्ठा | १८५ | १६ |
| जीवनजत्तिकै नजिक | २५८ | २९ |
| रुख | ५५ | |
| राष्ट्र बैङ्क | १३७ | ११ |

| | | |
|---|---|---|
| समीक्षाको सफलता | १२२ | १५ |
| डाक्टर | २४७ | २७ |
| राष्ट्रिय विभूति अरनिको | १८४ | २० |
| वसन्त | ५६ | |
| कृषिको महत्त्व | २३५ | १८ |
| सिरुवा पर्व | १५८ | १६ |
| सञ्चार माध्यमको प्रयोग | २०० | १३ |
| पञ्चतन्त्र कथाको परिचय | १७८ | १६ |

माथिको तालिकाको आधारमा सुनाइ पाठको संरचनागत पक्षमा विविधता देखिएको छ । शब्द सङ्ख्याका आधारमा सबैभन्दा कम 'रुख' पाठ देखिएको छ। त्यसपछि क्रमशः 'वसन्त' र 'प्रश्नोत्तर' पाठ रहेका छन् । यस आधारले हेर्दा कविता क्षेत्रका सुनाइ पाठ सबैभन्दा सङ्क्षिप्त रहेको पुष्टि हुन्छ । १०० शब्दभन्दा कम रहेको विधा कविता देखियो । २०० शब्दसम्मका पाठ 'क्षेत्रप्रताप अधिकारी', 'एटिएम कार्ड', 'कर्तव्यप्रतिको निष्ठा', 'राष्ट्र बैङ्क', 'समीक्षाको सफलता', 'राष्ट्रिय विभूति अरनिको', 'सिरुवा पर्व', 'सञ्चार माध्यमको प्रयोग' र 'पञ्चतन्त्रको कथा' रहेका छन्। धेरैजसो सुनाइ पाठ यही भित्रकै छन्। २०१ भन्दा माथिका सुनाइ पाठमा 'नयनको पछुतो', 'केरा खेती', 'जीवनजत्तिकै नजिक', 'डाक्टर', 'कृषिको महत्त्व' रहेका छन्। यो शब्द सङ्ख्या सुनाइ पाठका लागि अलि बढी नै हो। वाक्य संरचनाका दृष्टिले पद्य विधाको विश्लेषण गरिएको छैन। वाक्य संरचनाका आधारमा सबैभन्दा कम ११ वाक्य छ भने सबैभन्दा धेरै ३७ वाक्यसम्म छ। यस तथ्यले सुनाइका लागि प्रयोग गरिएका पाठको आयतन एउटै देखाउँदैन । कति वाक्य वा कति शब्दसम्मको सुनाइ उपयुक्त हुन्छ भन्ने कुरा यस तथ्यबाट पुष्टि गर्न गाह्रो छ तथापि प्रबन्ध विधाका पाठको बोधका लागि १५० शब्दसम्म प्रचलित भएकाले सुनाइका लागि पनि त्यसकै सेरोफेरोलाई आधार मान्न सकिने देखियो । नेपाली भाषामा एक अक्षरीदेखि सात आठसम्म (अझ धेरै नि छन्) अक्षरहरू छन् । त्यही आधारले मात्र शब्द र वाक्यको पहिचान गर्न गाह्रो छ। नेपाली भाषाको संरचनागत वैशिष्ट्यले पनि केही कुरामा प्रभाव पारेको हुन्छ। प्रत्येक वाक्यमा प्रयोग गरिएका शब्दसङ्ख्यामा पनि प्रशस्त विविधता छ । यसर्थ कक्षा आठको सुनाइमा पाठलाई संरचनाका दृष्टिले पनि एकरूपता बनाउनुपर्ने देखिन्छ।

**वाचन समयका आधारमा**

विद्यालय तहको कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका सुनाइ पाठलाई पाठ्यक्रम विकास केन्द्रले आदर्श वाचनसहित रेकर्ड गराएर अनलाइन उपलब्ध गराएको छ । यही रेकर्डेड सामग्रीको आधारमा भाषा शिक्षकले कक्षाकोठामा बोलाइ सिपमार्फत सुनाइ सिपको अभ्यास गराउन सकिने अवस्था छ। पाविकेले सुनाइ पाठको रेकर्ड गर्दा प्रारम्भमा केही धुन र त्यसपछि पाठ सङ्ख्या, पाठ शीर्षक वाचन गरेको छ। मुख्य पाठको वाचनपछि पनि केही धुन बजाएर समापन गरेको छ । पाविकेले रेकर्ड गराएको सामग्रीको आधारमा सुनाइ पाठको विश्लेषण यसप्रकार गरिएको छ :

**तालिका २**

*वाचन समयका आधारमा सुनाइ पाठ*

| सुनाइ पाठ | वाचन समय | | | समग्र रेकर्ड समय |
|---|---|---|---|---|
| | प्रारम्भ | पाठ वाचन | समापन धुन | |
| प्रश्नोत्तर | १२ से. | १.३६ से. | ७ से. | १. ५५ से. |
| नयनको पछुतो | ११ से. | २.२६ से. | ७ से. | २.४४ से. |
| क्षेत्र प्रताप अधिकारी | ८ से. | १.५१ से. | ५ से. | २.०४ से. |
| एटिएम कार्ड | ९ से. | १.४७ से. | ७ से. | २.०३ से. |
| केरा खेती | ७ से. | १.३१ से. | ४ से. | २.४२ से. |
| कर्तव्यप्रति कर्णको निष्ठा | ११ से. | १.३५ से. | ७ से. | १.५३ से. |
| जीवनजत्तिकै नजिक | ११ से. | २.३० से. | ७ से. | २.४८ से. |
| रुख | १२ से. | ०.४३ से. | ७ से. | १.०२ से. |
| राष्ट्र बैङ्क | ९ से. | १.१६ से. | ४ से. | १.२९ से |
| समीक्षाको सफलता | ९ से. | १.२४ से. | ७ से. | १.४० से. |
| डाक्टर | ११ से. | २.७ से. | ७ से. | २.२५ से. |
| राष्ट्रिय विभूति अरनिको | ९ से. | १.५४ से. | ४ से. | २.०७ से. |
| वसन्त | १२ से. | ०.५८ से. | ८ से. | १.१८ से. |
| कृषिको महत्त्व | ९ से. | २.२५ से. | ७ से. | २.४१ से. |
| सिरुवा पर्व | ८ से. | १.३६ से. | ४ से. | १.४८ से. |
| सञ्चार माध्यमको प्रयोग | १० से. | १.५५ से. | ६ से. | २.११ से. |
| पञ्चतन्त्र कथाको परिचय | १० से. | १.३२ से. | ७ से. | १.४९ से. |

तालिका २ का आधारमा हेर्दा सुनाइ पाठको प्रारम्भ भाग र समापन भागका सबैजसो पाठमा समानता देखियो। पाठको सुरुमा बज्ने धुन सबै पाठमा समान छ। सामान्य ४ सेकेन्ड धुन बजाइएको छ र त्यसपछि सुनाइ पाठको सङ्ख्या, शीर्षक र लेखकको नाम वाचन गरिएको छ। सुनाइ पाठको शीर्षकको लम्बाइ र लेखकका नामको लम्बाइले केही पाठलाई १२ सेकेन्डसम्म लागेको छ नत्र धेरैजसो पाठ ९ सेकेन्डको सेरोफेरो छ। समापन भागको धुनमा भने ४ सेकेन्डदेखि ८ सेकेन्डसम्मको छ। यो पाठको अन्त्यसँग सम्बन्धित भएकाले सबैलाई एउटै समय दिन सक्ने अवस्थालाई पाविकेले ध्यान दिन नसकेको देखियो। मूल सामग्री वाचनका

दृष्टिले सबैभन्दा कम ४३ सेकेन्डको रुख पाठ देखियो भने सबैभन्दा धेरै जीवनजत्तिकै नजिक सुनाइ पाठलाई २ मिनेट ३० सेकेन्ड लागेको पाइयो। धेरैजसो पाठको वाचन समय २ मिनेटको सेरोफेरो देखियो। यस तथ्यका आधारमा हेर्दा २ मिनेट आसपासको सुनाइ पाठलाई अपनाएको पाइयो। वाचन व्यक्तिको गति र रेकर्डको प्राविधिक पक्षले पनि केही प्रभाव पारेको देखियो तथापि सुनाइ पाठको रेकर्ड र वाचनको औसत समयलाई आधार मान्दा २ मिनेटका नजिक रहेका सामग्रीलाई उपयोग गर्न सकिने देखियो। सुनाइ सामग्रीको रेकर्डको प्रारम्भ र अन्त्यमा पनि पाठमा गर्नुपर्ने अभ्यासका बारेमा सङ्केत गर्न सकिएको भए प्रभावकारी हुने थियो।

**विधागत संयोजनका आधारमा**

विधागत संयोजनका आधारमा कविता, कथा (लघुकथासमेत), जीवनी, प्रबन्ध, मनोवादलाई समेटिएको पाइयो। यस आधारमा सुनाइ पाठका विधागत संयोजन हेर्दा कविता विधाअन्तर्गत 'प्रश्नोत्तर', 'रुख', 'वसन्त' गरी तीनओटा विधा छनोट गरिएको छ। त्यस्तै गरी कथा विधाअन्तर्गत 'नयनको पछुतो', 'कर्तव्यप्रतिको निष्ठा', 'डाक्टर' (लघुकथा), 'पञ्चतन्त्र कथाको परिचय' (लघुकथा) चारओटा विधा राखिएको छ। जीवनी विधाअन्तर्गत 'क्षेत्रप्रताप अधिकारी', 'जीवनजत्तिकै नजिकै', 'राष्ट्रिय विभूति अरनिको' गरी तीनओटा विधा राखिएको छ। त्यस्तै गरी प्रबन्ध विधामा 'एटिएम कार्ड', 'केरा खेती', 'राष्ट्र बैङ्क', 'कृषिको महत्त्व', 'सिरुवा पर्व' र 'सञ्चार माध्यमको प्रयोग' गरी छओटा पाठ राखिएको छ। मनोवादअन्तर्गत 'समीक्षाका सफलता' सुनाइ पाठ राखिएको छ। यस आधारमा हेर्दा सबैभन्दा बढी प्रबन्ध विधालाई छनोट गरिएको पाइयो। सुनाइ पाठको विधा छनोटमा मुख्य प्राथमिकता मूल पाठलाई नै मानेको देखियो। सबैभन्दा बढी मूल पाठ जुन विधाको छ, सुनाइ पाठ पनि त्यही विधाको राखिएको छ। सञ्चार क्षेत्रमा प्रयोग हुने तथा व्यावहारिक जीवनमा उपयोग कुराकानी, संवाद लगायत औपचारिक कार्यक्रममा उपयोग गरिने भाषिक सन्दर्भ छनोट गर्न सकेको भए अझ प्रभावकारी हुने थियो।

**प्रश्न प्रकृतिका आधारमा**

सुनाइ पाठको श्रवणपछि त्यसको शिक्षण परीक्षणको अभ्यासका लागि मौखिक माध्यमलाई आधार मानी प्रश्नहरु राखिएका छन्। त्यही आधारले पाठ्पुस्तकभित्र सुनाइ र बोलाइ अभ्यास भन्ने उपशीर्षक दिएर नमुना अभ्यासको संयोजन गरिएको छ। सुनाइ पाठ र ती पाठमा समावेश गरिएका प्रश्न प्रकृति र तिनका सङ्ख्यालाई यसप्रकार प्रस्तुत गरिन्छ :

**तालिका ३**

*प्रश्न प्रकृतिका आधारमा सुनाइ पाठ*

| सुनाइ पाठ सङ्ख्या | प्रश्न प्रकृति | |
|---|---|---|
| | पहिलो प्रश्न | दोस्रो प्रश्न |
| १ | अति सङ्क्षिप्त प्रश्न ४ ओटा | सङ्क्षिप्त प्रश्न १ ओटा |
| २ | खाली ठाउँ भर्ने प्रश्न ४ ओटा | अति सङ्क्षिप्त प्रश्न २ ओटा |

| | | |
|---|---|---|
| ३ | अति सङ्क्षिप्त प्रश्न ४ ओटा | सङ्क्षिप्त प्रश्न १ ओटा |
| ४ | ठिक बेठिक प्रश्न ४ ओटा | अति सङ्क्षिप्त प्रश्न ४ ओटा |
| ५ | ठिक बेठिक प्रश्न ४ ओटा | अति सङ्क्षिप्त प्रश्न ४ ओटा |
| ६ | खाली ठाउँ भर्ने प्रश्न ४ ओटा | अति सङ्क्षिप्त प्रश्न ४ ओटा |
| ७ | ठिक बेठिक प्रश्न ४ | अति सङ्क्षिप्त प्रश्न ४ ओटा |
| ८ | अति सङ्क्षिप्त प्रश्न ४ ओटा | सङ्क्षिप्त प्रश्न १ ओटा |
| ९ | खाली ठाउँ भर्ने प्रश्न ४ ओटा | अति सङ्क्षिप्त प्रश्न ४ ओटा |
| १० | अति सङ्क्षिप्त प्रश्न ४ ओटा | सङ्क्षिप्त प्रश्न १ ओटा |
| ११ | ठिक बेठिक प्रश्न ४ | अति सङ्क्षिप्त प्रश्न ४ ओटा |
| १२ | ठिक बेठिक प्रश्न ४ | अति सङ्क्षिप्त प्रश्न ४ ओटा |
| १३ | अति सङ्क्षिप्त प्रश्न ४ ओटा | सङ्क्षिप्त प्रश्न १ ओटा |
| १४ | अति सङ्क्षिप्त प्रश्न ४ ओटा | सङ्क्षिप्त प्रश्न १ ओटा |
| १५ | ठिक बेठिक प्रश्न ४ | अति सङ्क्षिप्त प्रश्न ४ ओटा |
| १६ | ठिक बेठिक प्रश्न ४ | अति सङ्क्षिप्त प्रश्न ४ ओटा |
| १७ | अति सङ्क्षिप्त प्रश्न ४ ओटा | सङ्क्षिप्त प्रश्न १ ओटा |

माथिको तालिकाको आधारमा सुनाइ सिपको परीक्षणका लागि वस्तुगत र विषयगत प्रकृतिको प्रश्नलाई मुख्य आधार मानिएको देखिन्छ । सुनाइको परीक्षण बोलाइबाट गर्ने गरी अर्थात् सुनाइ र बोलाइ सिपको सम्बन्धलाई आधार मानी प्रश्न बनाइएको छ । प्रश्नले भाषिक परीक्षणको एकीकृत पद्धतिलाई बढी आधार मानेको छ तथापि अति सङ्क्षिप्त र वस्तुगत प्रश्नले भने पृथकीकृत पद्धतिको पनि अवलम्बन गरेको देखिन्छ। यस आधारले हेर्दा सुनाइको अभ्यास बनाउँदा मिश्रित पद्धति अपनाइएको छ । सङ्क्षिप्त प्रकृतिको प्रश्नले सुनाइ पाठ श्रवण गर्ने विद्यार्थीको मौलिक र सिर्जनात्मक पक्षसहितको सुनाइ क्षमताको अपेक्षा गरेको छ। सुनाइ पाठका अभ्यासमा सबैभन्दा बढी अभ्यास अति सङ्क्षिप्त प्रकृतिका छन् भने त्यसपछि सङ्क्षिप्त, ठिकबेठिक र खालीठाउँ भर्ने प्रश्नलाई प्राथमिकता दिइएको पाइयो। श्रुतिबोधको मापनका लागि बहुवैकल्पिक प्रश्नलाई भने उपयोग गरिएको छैन । धेरैजस्तो अति सङ्क्षिप्त प्रकृतिका प्रश्न विद्यार्थीको ज्ञान तहमा मात्र केन्द्रित छन् । सुनाइका सहायक सिपलाई आधार मानी ब्लुम्सको टेक्सोनोमीलाई आधा मानी प्रश्न निर्माण गरिएको भए प्रभावकारी हुने थियो ।

**पाठ्यक्रमका आधारमा**

आधारभूत शिक्षा पाठ्यक्रम (२०७७) ले कक्षा आठको कक्षागत सिकाइ उपलब्धिलाई सिपगत आधारमा विभाजन गरेको छ। यस आधारमा सुनाइ र बोलाइ सिपको उपलब्धिलाई सँगै प्रस्तुत गरेको छ भने पढाइ र लेखाइ सिपको उपलब्धिलाई अलग अलग रूपमा प्रस्तुत गरेको छ। यस आधारमा हेर्दा सुनाइ सिपको उपलब्धिसँग सम्बन्धित दुई ओटा उपलब्धिलाई स्पष्ट पहिचान गर्न सकिने खालको छ। पहिलो 'विभिन्न विषयको वर्णन सुनी छलफल तथा अन्तरक्रिया गर्न' र दोस्रो 'सञ्चारका विभिन्न माध्यमबाट व्यक्त विषयवस्तु सुनी प्रतिक्रिया जनाउन' गरी छुट्याउन सकिने खालको छ। पहिलो उपलब्धिको विस्तृतीकरणका लागि देखेका, सुनेका र अनुभव गरेका विषयवस्तुको मौखिक वर्णन गर्न, अरूले भनेका कुरा ध्यानपूर्वक सुनी प्रतिक्रिया दिन, देखेका, सुनेका र अनुभव गरेका विषयवस्तुमा सिलसिलाबद्ध रूपमा विचार प्रस्तुत गर्न, विषयको श्रुतिवर्णन र श्रुतिविवेचना गर्न र विषयवस्तुका आधारमा धारणा निर्माण गरी प्रश्नोत्तर गर्न राखिएको छ। सुनाइ पाठ भएका अभ्यासका आधारमा हेर्दा यसमा प्रतिक्रिया र प्रश्नोत्तरसम्बन्धी अभ्यास प्रशस्त भए पनि अन्य अभ्यासको कमी छ तथापि पाठभित्रका अन्य नमुना अभ्यासमा भने यी पक्षलाई समेटिएको छ। दोस्रो उपलब्धिको विस्तृतीकरणमा रेडियो, टेलिभिजन तथा अन्य सञ्चार माध्यममा प्रस्तुत विषयवस्तु ध्यानपूर्वक सुनी प्रतिक्रिया जनाउन, विभिन्न सञ्चार साधनको प्रयोग गरी आफ्ना विचार प्रस्तुत गर्न, सञ्चार साधनमा व्यक्त विषयका बारेमा अन्तरक्रिया गर्न आदि राखिएको छ। यस आधारमा हेर्दा पनि पाठ्यक्रम विकास केन्द्रले पाठ्यपुस्तकमा समावेश गरेका विषय र पाठहरू सञ्चारका साधनमा प्रयोग भएका वा उत्पादन भएका छैनन्। सबै पाठलाई पाविकेले नै रेकर्ड गरी प्रसारण गरेको छ। विद्यालय तहमा यसको प्रयोग सापेक्ष रूपमा सञ्चारका साधनबाट गरिए पनि वास्तवमा पाठ्यक्रमको अपेक्षालाई समेटेको छैन। पाठका अन्य अभ्यासभित्र भने यी पक्षलाई समेटिएको छ। यस आधारमा कक्षा आठको पाठ्यपुस्तकमा अलग्गै समावेश गरिएको सुनाइ र बोलाइ अभ्यासले पाठ्यक्रमको अपेक्षालाई पूरा गर्न सकेको छैन तर पाठभित्रैकै नमुना अभ्यासले भने पाठ्यक्रमको अपेक्षा पूरा गरेको छ।

**निष्कर्ष**

प्रस्तुत अध्ययनमा कक्षा आठको सुनाइ पाठ र त्यससम्बद्ध अभ्यासलाई विविध कोणबाट अध्ययन गरी निष्कर्षमा पुगिएको छ। सुनाइ पाठ छनोटमा स्पष्ट आधार तय गरिएको देखिएन। मुख्य सारमा केन्द्रित पाठको चयन गरिनुले सुनाइबाट विषयवस्तुको बोधमा प्राथमिकता दिइएको छ। त्यस्तैगरी विषयवस्तुको एकालाप प्रकृतिका वर्णनात्मक विषय वा पाठका आधारमा सुनाइको निर्धारण गरिएको छ। यसमा श्रवणीय दृष्टिका र त्यसको मौखिक अन्तर्क्रिया सम्बद्ध विषयलाई कम प्राथमिकता दिइएको छ। विद्यार्थीका व्यावहारिक जीवनसँग सम्बद्ध विषयलाई केही थपोट गर्नुपर्ने देखिन्छ। पाठको संरचनामा विविधता देखिनुले सुनाइका लागि कस्तो पाठ उपयुक्त हुन्छ भनेर किटान गर्न सकिने अवस्था छैन। रेकर्ड समयका आधारले हेर्दा औसत २ मिनेट नजिकका पाठलाई बढी प्राथमिकता दिए प्रभावकारी हुने देखिन्छ। सुनाइलाई मूल पाठसँग सामीप्य कायम गर्न खोजिएको छ। सुनाइ पाठहरूमा पनि सबैभन्दा बढी प्रबन्ध विधाको छनोट गरिएको छ। मौखिक र त्यसमा पनि वस्तुगत र विषयगत (अति सङ्क्षिप्त र सङ्क्षिप्त प्रश्न) प्रश्नबाट सुनाइको परीक्षण गरिनु उपयुक्त देखिन्छ। श्रुतिबोधका लागि सुनाइ र बोलाइको सम्बन्धलाई आधार मान्नु एकीकृत पद्धतिका दृष्टिले ठिक छ।

केही प्रश्न बहुवैकल्पिक र लिखित रूपमा मापन गर्ने राखेको भए प्रभावकारी हुने देखिन्छ। यस अध्ययनका आधारमा सुनाइ पाठको निर्माण र उत्पादनमा सहयोग पुग्ने देखिन्छ। त्यस्तै गरी यस लेखबाट भाषाका चारओटा सिपमध्ये सबैभन्दा महत्त्वपूर्ण रहेको तर अध्ययन अनुसन्धानका दृष्टिले पछि परेको सुनाइ सिपको शिक्षण परीक्षणबारे अध्ययन गर्न चाहने सरोकारवालालाई मदत गर्ने छ।

**सन्दर्भ सामग्री**


अधिकारी, हेमाङ्गराज (२०६७), *नेपाली भाषा शिक्षण,* विद्यार्थी पुस्तक भण्डार।

अधिकारी, हेमाङ्गराज र शर्मा, केदारप्रसाद (२०५६), *प्रारम्भिक नेपाली शिक्षण,* विद्यार्थी पुस्तक भण्डार।

आचार्य, लक्ष्मी (२०८१), नेपाली भाषा पाठ्यपुस्तकमा विषयवस्तुको समावेशिता, *विकासको निम्ति शिक्षा,* २७(१), १०३-११६ । https://doi.org/10.3126/bns.v27i1.66455

काफ्ले, उमेश (सन् २०२१), कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकमा बोलाइ सिपको अभ्यास, *इन्टरडिसिप्लिनरी रिसर्च इन एजुकेसन, ५(१–२), १४५–१५८)* । https://doi.org/10.3126/ire.v5i1-2.34745

काफ्ले, उमेश (सन् २०२३), भाषा शिक्षकका दृष्टिकोणमा सुनाइ सिप परीक्षण, *एजुकेसन क्वार्टली,* ४(१), १२१–१३३ । https://doi.org/10.3126/jeqtu.v4i1.57416

खनिया, बुद्धराज, (सन् २०२२) कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट व्याकरणका अभ्यास, *इन्टरडिसिप्लिनरी रिसर्च इन एजुकेसन,* ७(१) १–१६ । https://doi.org/10.3126/ire.v7i1.47491

घिमिरे, दिनेश (सन् २०२३), पअठ्यक्रम निर्दिष्ट भाषिक सिप सन्तुलनका दृष्टिले कक्षा नौको 'नेपाली' मा प्रयुक्त नमुना अभ्यास, *इन्टरडिसिप्लिनरी इस्सु इन एजुकेसन,* १(१), ३७–४८ । https://doi.org/10.3126/iie.v1i1.58805

तिमल्सिना, शिवप्रसाद, सन् (२०२०), कक्षा ८ को नेपाली भाषा पाठ्यपुस्तकमा कार्यमूलक व्याकरणको प्रयोग, *विकासको निम्ति शिक्षा,* २४(१), १२५–१४५ । https://doi.org/10.3126/bns.v24i1.62521

पाठ्यक्रम विकास केन्द्र (२०७७), *आधारभूत शिक्षा पाठ्यक्रम २०७७,* स्वयम्।

पाठ्यक्रम विकास केन्द्र (२०८०), *नेपाली कक्षा ८,* स्वयम्।

पौडेल, माधव प्रसाद (२०७९), *नेपाली भाषा शिक्षण,* विद्यार्थी पुस्तक भण्डार।

भट्ट, महेशप्रसाद र पोखरेल, कृष्णप्रसाद, (सन् २०२४) माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट सुनाइ पाठप्रति विषय शिक्षकका धारणा, *इनोभेटिभ रिसर्च जर्नल,* ३(१), ११६ – १२५।
https://doi.org/10.3126/irj.v3i1.71035

खनिया/Khaniya, T.R. (2013). *Examination for enhanced learning,* Educational and developmental service centre Pvt. Ltd.

फल्चर र डेभिडसन/Fulcher, G. and Davidson, F. (2011). *Language testing and assessment,* Routledge.

ब्राउन/Brown, H.D. (2004). *Language assessment princples and classroom practice,* Longmans.

से र सनन्/ Hsieh H.F, Shannon S.E(2005). Three Approaches to Qualitative Content Analysis. *Qualitative Health Research*. 15(9), 1277 - 1288. doi:10.1177/1049732305276687

ह्युजेज/Hughes. A. (2003). *Testing for language teachers,* Cambridge Unviersity Press.

**कृतज्ञता**

प्रस्तुत लेख विद्यावारिधिका लागि सङ्कलित तथ्य र त्यसको परिणामलाई आधार मानी तयार गरिएको हो । यस कार्यका लागि छात्रवृत्ति (PhD-76/77- Edu-1) उपलब्ध गराई आर्थिक सहयोग प्रदान गर्ने विश्वविद्यालय अनुदान आयोग, सानोठिमी, भक्तपुरप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।